आज मिति २०८३ साल बैशाष १४ गते विहान ८:०० बजे यस लमही नगरपालिकाको नगर प्रमुख श्री जोगराज चौधरीज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिकाको पदाधिकारीहरूको उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती:

| क.स. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जोगराज चौधरी | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी योगी | नगर उप-प्रमुख | |
| ३ | श्री दामोदर पौडेल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री नेपालु चौधरी | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री मनोज कुमार चौधरी | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुवास न्यौपाने | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री ओम प्रसाद सुवेदी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री श्याम नारायण चौधरी | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री मोहन गिरी | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री उमेश कुमार खड्का | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री भेष बहादुर के.सी. | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री सुनिता कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री पार्वती विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १४ | श्री देवा परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री किरण चौधरी | कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रा चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री लाल बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री तुलसी वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री गेहेन्द्र बहादुर डाँगी | सचिव/प्रमुख प्रशासकीय अधिकृत | |

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय, लमही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

CamScanner

मिति २०८३।०१।१४ गते बसेको लमही नगर कार्यपालिकाको १७६औं बैठकको निर्णयहरू:

निर्णय नं.१. आगामी आ.व. २०८३।०८४ को लागि प्रदेश समपुरक अनुदान तर्फ कुल रकमको ५० प्रतिशत रकम लमही नगरपालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने तपसिलक, योजनाहरू छनौट गरि ।

तपसिल

| वडा नं. | आयोजनाको नाम | ठेगाना | वजेट बाडफाड रु. |
|---|---|---|---|
| १ | सुन्डबरी देखी बसन्तपुर जाने बाटो र लमही न.पा. देउपुरको बाटो स्तरोन्नती | लमही न.प. वडा नं. १ र वडा नं. ६ | २,००,००,०००।- |
| २ | धर्मशाला निर्माण | लमही न.पा. ५ | ५,००,००,०००।- |

निर्णय नं.२. भूमी व्यवस्था, सहकारी तथ गरिवी निवारण मन्त्रालय, सिंहदरबार काठमाडौंको मिति २०८३/०१/१० गतेको सूचनानुसार हालको भूमिसुधार/मालपोत कार्यालय र नापी कार्यालयहरूबाट प्रवाह हुँदै आएका सेवाहरू आ.व. २०८३।०८४ देखि लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाई सोही अनुसार अनुरोध गर्ने ।

निर्णय नं.३. मिति २०८३।१।११ गते बसेको सार्वजनिक सेवा तथा क्षमता विकास समितिको बैठकको निर्णय अनुमोदन गर्ने ।

निर्णय नं. ४. विविध सम्बन्धमा:

क) लमही नगरपालिका वडा नं. ३ अवस्थित बनगाउँ उच्च मा.वि.को नाममा दर्ता श्रेस्ता रहेको वडा नं. ४ स्थित विर्ता डाँडामा पोखरी निर्माणको क्रममा उत्खनन् गरिएको माटो तथा ग्राभेलको परिमाण सम्वन्धमा प्राप्त गुनासोका आधारमा मिति २०८३/०१/१० गते नगर प्रमुखज्यूको नेतृत्वमा स्थलगत अनुगमन तथा परिमाण प्रमाणीकरण (Quantity Verification) गर्दा करिब ४३१९ घ.मी. ग्राभेल र ११११ घ.मी. माटो बाहिर निकासी भएको देखिएको र सो मध्ये बाँकी माटो पोखरीको बाँध निर्माणमा प्रयोग भएको पाइएकाले बाहिर निकासी भएको ग्राभेल ४३१९ घ.मी. र माटो ११११ घ.मी. को प्रचलित कानून बमोजिम रोयल्टी रकम क्रमशः रु. १३,४३,४५८।३४ र रु. २,८२,६२३।३७ गरी जम्मा रु.१६,२६,०८१।७१ (सोह लाख छब्बीस हजार एकासी रुपैयाँ एकहत्तर पैसा मात्र) राजस्व दाखिला गराई असुल उपर गर्ने

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

मिति २०८३।०१।१४ गते बसेको लमही नगर कार्यपालिकाको १७६औं बैठकको निर्णयहरू:

ख) लमही आँखा अस्पताल, लमही दाङको अत्याधुनिक शल्यक्रिया भवन निर्माण गर्नको लागि आवश्यक रकम रू.५ करोडको १० प्रतिशत (रू.१४,६८,७८,२५०।४०) रकम यस कार्यालयबाट लागत साझेदारीको प्रतिबद्धता सहित भारतीय राजदुतावासमा प्रस्ताव पेश गर्न सिफारिस गरिएकोमा लमही आँखा अस्पतालको च.नं.१८३/०८२/८३ मिति २०८३।१।११ गतेको पत्र मार्फत उक्त भवन निर्माणको लागि रू.१८,३७,५७,५११।८० (अठार करोड सैतिस लाख सन्ताउन्न हजार पाँच सय एघार रूपैया असि पैसा) रकमको १० प्रतिशत लागत साझेदारीको लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई प्रतिबद्धता सहित सिफारिस पत्र माग भएकोले प्रतिबद्धता गर्ने ।

ग) लमही नगरपालिका वडा नं. ८ मा अवस्थित श्री रासि मा.वि. उचानिम्बुको प्रवेशद्वार जिर्ण अवस्थामा रहेकोले उक्त विधालयमा अध्ययनरत बालबालिकाहरू जोखिममा रहेकोले स्थलगत अध्ययन गरि प्राविधिक स्टिमेटको आधारमा विपद व्यवस्थापन कोषबाट मर्मत सम्भार गर्ने ।

घ) यस नगरपालिकाको कार्यप्रंकृति, कार्यबोझ र औचित्यका आधारमा बस्तुपरक बनाउन थालनी भएको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यलाई थप व्यवस्थित बनाउन नेपाल सरकारले निर्माण गरेको "संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को उपदफा ७ (इ)" बमोजिमको देहायको सर्वेक्षण समिति गठन गर्ने ।

(१) प्रमुख प्रशासकीय अधिकृत, लमही नगर कार्यपालिकाको कार्यालय - संयोजक
(२) आर्थिक प्रशासन शाखा प्रमुख, लमही नगर कार्यपालिकाको कार्यालय - सदस्य
(३) प्रशासन शाखा प्रमुख, लमही नगर कार्यपालिकाको कार्यालय - सदस्य सचिव

ङ) लमही नगरपालिकाको विषयगत समिति तथा वडा कार्यसमितिको विगतका आ.व.मा बैठक भत्ता भुक्तानी नभएकोले पेश भएका समिति र वडाहरूको विवरण तयार गरि भुक्तानी प्रक्रिया अघि बढाउने ।

२०८३।१।१४

२०८३।१।१४